## नेपाल विद्युत प्राधिकरणको पोलमा जडान भएका टेलिभिजन, इन्टनरनेट, टेलिफोन तथा केवल नेटवर्कहरुको तार व्यवस्थित गरी संचालन गर्ने बारेको सूचना :

**प्रकाशित मिति : २०७१/३/१७**

नेपाल विद्युत प्राधिकरणको विद्युत पोलहरुमा अव्यवस्थित ढंगले रहेका TV, Internet, Telephone तथा केवल नेटवर्कहरुको तारले गर्दा शहर बजार कुरुप बन्दै गएको एवं जडित तारको भारले गर्दा पोलमा असन्तुलन हुनगै विद्युत् दुर्घटना हुन गइरहेको छ । जसबाट प्राधिकरणले ठूलो धनजनको क्षति व्यहोर्नु परिरहेको अवस्था छ । नेपाल केबुल टेलिभिजन महासंघ, ईन्टरनेट प्रोभाइडर एसोसियसन नेपाल, केबुल टेलिभिजन महासंघ र नेपाल दूरसंचार कम्पनी लगायतका सम्वद्ध सेवा प्रदायक संस्थाहरुसँग मिति २०७१/२/२० गते छलफल गरी मुलुकभर रहेका आ-आफ्ना जडित तारहरु व्यवस्थित गरेर संचालन गर्न सहमति भैसकेको र सोही सहमतिलाई कार्यान्वयन गर्नको लागि मिति २०७१/२/२५ मा गोरखापत्रमा सरोकारवाला सबैको जानकारीको लागि सूचना प्रकाशन भैसकेको छ । यसर्थ शहर बजार सफा सुन्दर बनाउन र संभाव्य दुर्घटनाबाट बच्नको लागि प्राधिकरणका विद्युत् पोलहरु प्रयोग गर्ने सम्बन्धित निकायहरुले देहाय बमोजिम आ-आफ्ना जडित तारहरु व्यवस्थित गर्न गराउन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. नेपाल विद्युत प्राधिकरणले एउटा विद्युत् पोलमा १० वटाभन्दा बढी सेवा प्रदायकहरुलाई केबुल तार राख्ने अनुमति नदिने, तर साविकमा रहेका सेवाप्रदायकहरुको संख्या चाहिँ यथावत् रहने छ ।

२. सेवा प्रदायकहरुले आ-आफ्नो केबुल तार राख्दा भुईबाट न्यूनतम दूरी ४ मीटर कायम गर्ने । हाल जडित तारहरुलाई अविलम्ब सोही अनुरुप व्यवस्थित गर्ने, गराउने, तारहरुको गुजुल्टो नराख्ने । यदि पहिलेदेखि रहेको छ भने ती गुजुल्टाहरु हटाउनुपर्नेछ ।

३. एउटा कम्पनीले एक पोलमा एकभन्दा बढी तार राख्न पाउने छैन । यदि एकभन्दा बढी राख्नुपरेमा ने.वि.प्रा. को स्वीकृति लिएर नियमानुसारको दस्तूर तिरी मात्र राख्न पाइनेछ ।

४. एउटा रुटमा एक चोकदेखि अर्को चोकसम्म प्राधिकरणको जति वटा पोल गाडिएको छ सोही पोल संख्यामा नियमानुसार दस्तूर तिर्नुपर्नेछ ।

५. पोलहरुमा रहेका केबुल कम्पनीका सम्पूर्ण Accessories लाई प्राविधिक नर्म्स अनुसार प्राधिकरणको स्वीकृति लिएर मात्र जडान गर्ने कार्य गर्नुपर्नेछ ।

७. ने.वि.प्रा. को वितरण लाइनको कण्डक्टर वा केवुल भन्दा माथि कुनै पनि सेवा प्रदायकको केवुल तार राख्न पाइने छैन । यो व्यवस्था ४०० भोल्ट वितरण लाइन तथा ११ के.भी. कम्पोजिट लाइनमा समेत लागु हुनेछ ।

८. सेवा प्रदायकको केवुल तारमा कुनै खरावी आई वा अन्य कुनै कारणले दुर्घटना हुन गएमा ने.वि.प्रा. जिम्मेवार हुने छैन ।

उपरोक्त बमोजिमको कार्यहरु सवै वितरण केन्द्रहरुले २०७१ आषाढ मसान्तभित्र सम्पन्न गर्ने र तथा सोको अनुगमन क्षेत्रीय कार्यालयहरुवाट हुनेछ । तोकिएको समयमा उल्लेखित कार्य नगर्ने संस्था/कम्पनीहरुको तारहरु मिति २०७१/४/१ देखि पोलवाट क्रमिक रुपले हटाइने व्यहोरा समेत सम्बन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**नेपाल विद्युत प्राधिकरण**

**दरवारमार्ग, काठमाण्डौं**